# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप

बागमती प्रदेश, नेपाल

सम्वत् २०८३ साल असार ०८ गते बसेको लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरुः

## गाउँ कार्यपालिका बैठक संख्याः ०४/२०८३

| क्र.स. | विषयगत समिति क्षेत्र | निर्णयहरुको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत विकास तथा सुशासन क्षेत्र | १) गाउँपालिकाको अघिल्लो मितिः २०८३/०३/०४ गतेको कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनका अवस्था लगायतका विषयमा समीक्षा गरियो ।<br>२) वार्षिक विकास कार्यक्रमका लागि कार्यक्रम तथा आयोजना छनौट गर्न विषयगत समितिबाट प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई समितिले पेश गरेको आ.व. २०८३/०८४ को समग्र वार्षिक नीति कार्यक्रम तथा बजेट माथि दफावार छलफल गरी स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।<br>३) गाउँपालिका राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ को दफा १० को उपदफा (६) बमोजिम यस गाउँपालिकाको आ.व. २०८३/०८४ राजस्व र करका दायराहरू निर्धारण गरी राजस्व परामर्श समितिबाट पेश भएको आर्थिक विधेयक २०८३ माथि छलफल गरी स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।<br>४) गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा कार्यक्रमहरू विनियोजन गर्न प्रचलित ऐन कानुनहरुका आधारमा गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा पेश भएको विनियोजन विधेयक २०८३, लाई छलफल गरी स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।<br>५) गाउँपालिकाको विभिन्न विषयगत समिति/शाखाबाट सिफारिस भएका तपशिलका प्रतिवेदन माथि छलफल गरी पारित गर्ने र स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।<br>• आर्थिक वार्षिक २०८२/०८३ समिक्षा प्रतिवेदन -२०८३<br>• न्यायिक समितिको प्रतिवेदन -२०८३<br>• योजना अनुगमन समितिको प्रतिवेदन -२०८३<br>• गाउँपालिकाको आवधिक योजना (Period Plan) २०८३-२०८८<br>६) गाउँपालिका न्यायिक समितिले उजुरीको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ५९ उपदफा १ र २ बमोजिम मेलमिलाप कर्ताको सूची अद्यावधिक गर्नुपर्ने भएकाले ७ वटै वडाका २८ जना मेलमिलापकर्ताहरू अद्यावधिकका लागि गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो। | |
| २ | आर्थिक विकास क्षेत्र | | |
| ३ | सामाजिक विकास क्षेत्र | | |
| ४ | पूर्वाधार विकास क्षेत्र | | |
| ५ | वतावरण तथा विपद् व्यवस्थापन क्षेत्र | | |

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम माथि उल्लेखित निर्णयहरु सर्बसाधारणका लागि प्रकाशन गरिएको छ ।

**द्रष्टव्यः** निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित विषयगत क्षेत्र/शाखा/महाशाखाबाटै उपलब्ध हुनेछ।

०८३।३।८

प्रकाशराज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत